# दार्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड -४, सङ्ख्या : १ मिति : २०७७/०४/१६**

## भाग -२

# दार्मा गाउँपालिका

## स्वयंसेवक शिक्षक परिचालन कार्यविधि, २०७७

**प्रस्तावना :** प्रचलित कानुन तथा मापदण्ड बमोजिम दार्मा गाउँपालिकामा स्थापना भई सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा भएको शिक्षक अभावलाई परिपूर्ति गर्न आवश्यक योग्यता भएको जनशक्तिलाई स्वयंसेवक शिक्षकका रुपमा प्रभावकारी र पारदर्शी ढंगले परिचालन गरि शिक्षक अभावलाई न्यूनीकरण गर्न आवश्यक भएकोले दार्मा गाउँ कार्यपालिकाले यो स्वयंसेवक शिक्षक परिचालन अनुदान कार्यविधि, २०७७ बनाई लागू गरेको छ ।



अमृत खड्का
प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

# परिच्छेद -१

## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "स्वयंसेवक शिक्षक परिचालन अनुदान कार्यविधि २०७७" रहेको छ ।

(२) यस कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) 'स्थानीय तह' भन्नाले दार्मा गाउँपालिकालाई सम्झनुपर्छ ।

(ख) 'कार्यपालिका' भन्नाले दार्मा गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ग) 'शिक्षा, युवा तथा खेलकुद शाखा' भन्नाले दार्मा गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई जनाउनेछ ।

(घ) 'विद्यालय' भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालय सम्झनु पर्दछ ।

(ङ) 'स्वयंसेवक शिक्षक' भन्नाले यस कार्यविधि बमोजिम नियुक्त स्वयंसेवक सम्झनुपर्छ ।

३. **स्वयंसेवक परिचालनको उद्देश्य तथा क्षेत्र :** (१) स्वयंसेवक शिक्षक परिचालनको उद्देश्य देहायबमोजिम हुनेछ :

(क) विद्यालयको शिक्षक अभावलाई आंशिक रुपमा परिपूर्ति गर्नु



अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

(ख) शिक्षण गर्न आवश्यक योग्यता भएका युवाहरुलाई स्वयंसेवा मार्फत् स्थानीय तहका विद्यालयमा सेवा गर्ने मौका उपलब्ध गराई व्यवहारिक तथा जीवनोपयोगी सिप एवम् ज्ञानको अवसर हस्तान्तरण गर्नु

(ग) युवा वर्गमा शिक्षण सीप दक्षता र नेतृत्व विकासको अवसर उपलब्ध गराउनु र

(घ) विद्यालय स्तरको शैक्षिक गुणस्तर अभिवृद्धिमा सघाउ पुर्याउनु ।

(२) शिक्षक अभाव भएका सामुदायिक विद्यालय स्वयंसेवक शिक्षक परिचालनको क्षेत्र रहनेछ ।

## परिच्छेद – २

### स्वयंसेवक शिक्षक परिचाल सम्बन्धी व्यवस्था :

४. **स्वयंसेवक शिक्षक परिचालनका क्षेत्रहरु :** (१) गाउँपालिकाकाले उपलब्ध गराएको अनुदानमा विद्यालयले स्वयंसेवक शिक्षक तपसिलका क्षेत्रमा परिचालन गर्ने छ :

१. बालविकास स्वयंसेवक शिक्षक

२. प्राथमिक तह स्वयंसेवक शिक्षक

३. निम्नमाध्यमिक तह स्वयंसेवक शिक्षक

४. माध्यमिक तह स्वयंसेवक शिक्षक

५. कम्प्युटर अपरेटर वा कम्प्युटर शिक्षक

६. प्रयोगशाला सहायक

५. **विद्यालयलाई स्वयंसेवक शिक्षक परिचालनका लागि अनुदान प्रदान गर्ने मापदण्ड :** विद्यालयहरुमा शिक्षक र स्वयंसेवक परिचालनका मापदण्ड अनुसूची -१ मा उल्लेख भए बमोजिम हुनेछ ।

६. **शिक्षक स्वयंसेवक छनोट समिति :** (१) सामुदायिक विद्यालयमा स्वयंसेवक शिक्षक छनौट गरि नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहायबमोजिमको एक छनौट समिति रहनेछ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य – अध्यक्ष

(ख) शिक्षा अधिकृत वा निजले तोकेको कर्मचारी – १ जना सदस्य



अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

(ग) माध्यमिक तहको शिक्षक छनौट गर्नुपर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नुपर्ने भए शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरि दार्मा गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले सूचीकृत गरेका विषय विज्ञहरुमध्येबाट सम्भव भएसम्म एकजना महिलासमेतको प्रतिनिधित्व हुने गरि व्यवस्थापन समितिले मनोनीत गरेको दुईजना – सदस्य

(घ) प्रधानाध्यापक – सदस्य सचिव

(२) शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

(३) शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी भएको भए शिक्षक छनोट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नुपर्नेछ ।

(४) शिक्षक छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ३

### स्वयंसेवक शिक्षकको सङख्या निर्धारण, छनोट तथा नियुक्ति सम्बन्धी व्यवस्था

७. **स्वयंसेवकको सङख्या निर्धारण :** (१) शिक्षा, युवा तथा खेलकुद शाखाले विद्यालयमा हाल कायम रहेको शिक्षकको दरबन्दी, राहत अनुदान कोटा र केन्द्रद्वारा वितरण गरिने शिक्षण सहयोग अनुदान, केन्द्रद्वारा परिचालन गर्ने शिक्षण स्वयंसेवक र प्रदेशबाट प्रदान गरिएको स्वयंसेवक शिक्षक वा अन्य नाममा प्रदान गरिएको तलबी अनुदान समेत गणना गरि शिक्षक विद्यार्थी अनुपात, विद्यालयको सिकाइ उपलब्धि, नतिजा विश्लेषणका आधारमा स्वयंसेवक शिक्षक परिचालन वापतको अनुदान हुनेछ ।

(२) उक्त अनुदान रकमबाट विद्यालय व्यवस्थापन समितिले यस कार्यविधिबमोजिम स्वयंसेवक छनौट गरि काममा लगाउनेछ ।



अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

८. **स्वयंसेवकको माग सङ्कलन :** शिक्षा, युवा तथा खेलकुद शाखाले प्रत्येक विद्यालयबाट परिच्छेद - ५ (१) बमोजिम तह र विषयगत रुपमा आवश्यक स्वयंसेवक शिक्षकको संख्या शैक्षिक सत्र सुरु भएको एक महिनाभित्र सङ्कलन गरि एकिन गर्नुपर्नेछ ।

९. **स्यवंसेवक हुन चाहिने योग्यता :** स्वयंसेवक हुन देहायबमोजिमको योग्यता हुनुपर्नेछ :

(क) नेपाली नागरिक

(ख) १८ वर्ष उमेर पूरा भई ४० वर्ष उमेर ननाघेको

(ग) मगज नबिग्रेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ङ) भविश्यमा सरकारी नोकरी वा शिक्षक सेवाका लागि अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त नगरिएको,

(च) मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रारम्भिक बालशिक्षाका लागि एस. एल. सी. वा सो सरह, प्राथमिक तहका लागि प्रवीणता प्रमाणपत्र तह वा सो सरह, निम्नमाध्यमिक तहको लागि सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र वा सो सरह र माध्यमिक तहका लागि सम्बन्धित विषयमा कम्तिमा स्तातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको,

(छ) बालविकास बाहेक अन्य तहका लागि अध्यापन अनुमतिपत्र प्राप्त गरेको,

(ज) निम्नमाध्यमिक र माध्यमिक तहको स्वयंसेवक शिक्षक पदका लागि पहिलो पटकको विज्ञापनमा दरखास्त नपरेमा दोस्रो पटक आवश्यक न्यूनतम योग्यता भएका तर अध्यापन अनुमतिपत्र नभएका उम्मेदवारले दरखास्त दिन पाउने गरि विज्ञापन आह्वान गर्न सकिनेछ । यसरी दोस्रो पटकको विज्ञापनबाट अध्यापन अनुमतिपत्र प्राप्त नगरेको उम्मेदवार छनौट भएमा छनौट भएको मितिले शिक्षक सेवा आयोगले गरेको पहिलो विज्ञापनबाट अध्यापन अनुमतिपत्र प्राप्त गर्न नसकेमा करार थप गरिने छैन ।

(ज) माथि (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालय व्यवस्थापन समितिले प्रचलित शिक्षा ऐन र नियमावलीबमोजिम नियुक्ति भइ २०७६ चैत्र मसान्त निरन्तर कार्यरत शिक्षकको हकमा भने एक पटकका लागि स्वयंसेवक शिक्षक पदमा उम्मेदवार हुन उमेरको हदबन्दी लाग्नेछैन ।



अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

१०. **स्वयंसेवक शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाबाट प्रदान गरिएको स्वयंसेवक शिक्षक परिचालन कोटामा स्वयंसेवक शिक्षक नियुक्ति गर्नका लागि व्यवस्थापन समितिले १५ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम विज्ञापनमा दरखास्त दिई प्रतिस्पर्धाका आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरुमध्येबाट व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रका लागि स्वयंसेवक शिक्षक करारमा नियुक्ति गर्न सक्नेछ ।

(३) उपनियम (२) वा (३) बमोजिम स्वयंसेवक शिक्षक नियुक्ति गर्दा शिक्षा, युवा तथा खेलकुद शाखाबाट कोटा रिक्त रहेको व्यहोरा प्रमाणित गराएर मात्र नियुक्ति गर्नुपर्नेछ र माध्यमिक तथा निम्न माध्यमिक तहमा विषय मिल्ने गरी मात्र स्वयंसेवक शिक्षक करारमा नियुक्ति गर्न सकिनेछ ।

(५) उपनियम (३) बमोजिम शिक्षक नियुक्तिको लागि गरिएको विज्ञापनको सूचना गाउँपालिका, सम्बन्धित वडा कार्यालय र सम्बन्धित विद्यालयमा टाँस गर्नुपर्नेछ ।

(६) विद्यालयले यस नियम बमोजिम स्वयंसेवक शिक्षक करारमा नियुक्ति गरि अभिलेखिकरणका लागि शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउनुपर्नेछ ।

(७) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि २०७६ चैत्र मसान्तभित्र प्रचलित शिक्षा ऐन र नियमावलीबमोजिम विद्यालय व्यवस्थापन समितिबाट नियुक्ति भइ २०७७ असार मसान्तसम्म निरन्तर कार्यरत शिक्षकहरुलाई विद्यालय व्यवस्थापन समितिले आवश्यक ठानेमा यसै कार्यविधिबमोजिम नियुक्ति भए सरह मानि स्वयंसेवक शिक्षक कोटाको नियुक्ति दिइ करार गर्न सक्नेछ ।

(८) उपनियम (२) वा (३) मा जनुसुकै कुरा लेखिएको भए तापनि स्वयंसेवक शिक्षक करारमा नियुक्ति भएपछि स्वयंसेवक शिक्षकका लागि गाउँ सभाले बजेट विनियोजन गरेमा एक पटकमा छ महिनामा नबढाई करारको म्याद थप गर्न सक्नेछ ।



अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

बर्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

(९) उपनियम (७) बमोजिम करारको म्याद थपिएको जानकारी विद्यालयले शिक्षा, युवा तथा खेलकुद शाखालाई दिनुपर्नेछ ।

(१०) यस नियमबमोजिमको प्रकिया नपुर्याई स्वयंसेवक शिक्षक नियुक्ति र करार गरिएमा शिक्षा अधिकृतले त्यस्तो नियुक्ति बदर गर्नेछ ।

**११. निर्वाह खर्च :** (१) स्वयंसेवक शिक्षकले आफ्नो पदमा बहाल रहेको मितिदेखि मासिक निर्वाह खर्च पाउनेछ ।

**१२. स्वयंसेवक छनोट तथा परिचालन :** विद्यालयले प्राप्त कोटाका आधारमा विज्ञापन गरि आवेदन माग गरेका उम्मेदवारहरु बीचमा शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोगको पाठ्यक्रम बमोजिम लिखित परीक्षा सञ्चालन गर्नेछ । लिखित परीक्षामा सफल हुने उम्मेदवारलाई मात्र नियमानुसार मौखिक परीक्षा र आवश्यकतानुसार प्रयोगात्मक परीक्षा सञ्चालन गर्नुपर्नेछ ।सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई शिक्षक छनोट समितिले नियुक्तिका लागि विद्यालय व्यवस्थापन समिति समक्ष र विद्यालय व्यवस्थापन समितले नियुक्तिको अभिलेखिकरणका लागि शिक्षा युवा तथा खेलकुद शाखामा पठाउनु पर्नेछ ।

**१३.खटाउन सक्ने** : शिक्षा, युवा तथा खेलकुद शाखाले स्वयंसेवक शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको सहमतिमा एक विद्यालयवाट अर्को विद्यालयमा परिचालन गर्नेछ ।यसरी परिचालन गर्दा परिचालन नहुने स्वयंसेवक शिक्षकको करार नवीकरण गरिनेछैन ।

**१४. स्वयंसेवकको काम कर्तव्य र अधिकार :** स्वयंसेवकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :-

(क) हप्तामा न्युनतम चौविस कक्षा (पिरियड) अध्यापन गर्नुपर्ने

(ख) पाठ्यक्रमले निर्धारण गरे वमोजिमको औपचारिक परीक्षा तथा निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने

(ग) विद्यालयले तोकेको अन्य कार्यहरु गर्ने।



अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

**१५. स्वयंसेवकको अवकास सम्वन्धी व्यवस्था :** (१) स्वयमसेवक लाई देहाय बमोजिमको अवस्थामा प्रधानाध्यापकले अवकाश दिन सक्ने छ :

(क) करारको अवधि समाप्त भएमा

(ख) स्वेच्छिक रुपले अवकास लिने इच्छा गरी प्रधानाध्यापक समक्ष लिखित निवेदन दिएमा

(ग) शारीरिक अस्वस्थाको कारण विद्यालयमा उपस्थित भई नियमित काम काज गर्न असमर्थ भएमा

(घ) खराव आचरण पर्दशन गरेमा

(ङ) बिना सूचना लगातार पन्ध्र दिन सम्म विद्यालयमा अनुपस्थित भएमा

(च) सन्तोसजनक रुपमा कार्य सम्मादन नगरेमा

(छ) मादक पदार्थ सेवन गरि आएको स्वाथ्यकर्मीले प्रमाणित गरेमा

(ज) आफूले अध्यापन गरेका विषयहरुको औसत सिकाइ उपलब्धी ४० प्रतिशत भन्दा कम भएमा

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिए भए तापनि उपदफा (१) खण्ड (च) बमोजिमको अवस्थामा विद्यालय व्यवस्थापन समितिले प्रर्याप्त आधार र प्रमाण सहित सिफारिस गरेको स्वयमसेवकलाइ शिक्षा अधिकृतले निर्णय गरी हटाउन सक्ने छ।

(३) उपर्युक्त आधारमा हटाउन अघि निजलाइ सफाइ पेश गर्न मौका दिनु पर्नेछ।

## परिच्छेद - ४

## स्वयंसेवकको सेवा शर्त र सुविधा

**१६. स्वयंसेवकको सेवा शर्त** : (१) स्वयंसेवक शिक्षकलाई एक शैक्षिक सत्रमा छ महिनाका लागि करार सम्झौता गरिनेछ । दफा ५ (१) बमोजिम विद्यालयमा स्वयंसेवक शिक्षक आवश्यक परेमा र गाउँसभाबाट स्वयंसेवक शिक्षकका लागि बजेट स्वीकृत भई कार्यक्रमले निरन्तरता पाएमा विद्यालय व्यवस्थापन समितिले ६/६ महिनामा म्याद थप गर्न गरि करार गर्न सक्नेछ ।

(२) स्वयंसेवक शिक्षकले सम्झौतामा तोकिए बमोजिमको शर्तहरु अनिवार्य रुपमा पालना गर्नु पर्ने छ।



अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

**१७. स्वयंसेवकलाइ दिइने सुविधा :** (१) स्वयमसेवकलाइ अनुसुची -३ बमोजिमको मापदण्डको आधारमा मासिक निर्वाह खर्च उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) मा उपलब्ध गराइएको निर्वाह खर्चमा विद्यालय व्यवस्थापन समितिले आफ्नो स्रोतबाट भुक्तान हुने गरि थप सुविध उपलब्ध गराउन सक्नेछ ।

**१८. स्वयंसेवकको बिदा :** (१) स्वयंसेवकले देहाय बमोजिमको बिदा पाउने छ :-

(क) विद्यालयमा रुजु हाजिरको आधारमा प्रत्येक महिना एक दिन भैपरी आउने वा पर्व बिदा

(ख) आफ्नो रित र परम्परा अनुसार बढीमा पन्ध दिन किरिया बिदा ।

(२) स्वयंसेवकको बिदाको स्वीकृति सम्वन्धित विद्यालयको प्रधानाध्यापकले गर्ने छ।

## परिच्छेद -५

**१९. शिक्षा युवा तथा खेलकुद शाखाको भूमिका :** स्वयंसेवक परिचालन सम्वन्धमा शिक्षा युवा तथा खेलकुद शाखाको भूमिका देहाय बमोजिम हुनेछ :

(क) स्वयंसेवकको निर्वाह भत्ता बापतको रकम विद्यालयलाई निकासा गर्ने

(ख) स्वयंसेवकको कार्यसम्पादनको नियमित अनुगमन गर्ने

(ग) विद्यालयगत रुपमा स्वयंसेवकको विवरण अध्यावधिक गरी राख्ने

(घ) गाउँसभाबाट कार्यक्रमले निरन्तरता पाई आगामी शैक्षिक सत्रका लागि आवश्यक पर्ने भएमा स्वयंसेवक शिक्षक सङ्ख्या निर्धारण गर्ने ।

**२०. विद्यालयको भूमिका :** स्वयंसेवक परिचालन सम्वन्धमा विद्यालयको भूमिका देहाय बमोजिम हुने छ :-

(क) विद्यालय व्यवस्थापन समितिबाट नियुक्ति दिइ सो को जानकारी शिक्षा युवा तथा खेलकुद शाखालाई गराउने ।

(ख) स्वयंसेवकको जिम्मेवारी बाँडफाँड र आचारसंहिता कार्यान्वयन गराउने

(ग) गाउँ सभाबाट शिक्षक स्वयंसेवक कार्यक्रमले आगामी शैक्षिक सत्रका लागि आवश्यक पर्ने देखिएमा स्वयंसेवक संख्याको आवश्यकताको पुष्टयाइ सहित प्रमाणित गरी शिक्षा युवा तथा खेलकुद शाखामा पठाउने।



अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

# परिच्छेद – ६

## विविध

**२१. स्वयंसेवकले देहाय बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ :-**

(क) आफुले गरेको सम्झौता अनुसारका कार्य इमान्दारीपूर्वक सम्पन्न गर्ने

(ख) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आए गएको समय जनाइ हाजिर गर्ने र पहिले बिदाको अनुमति नलिइ विद्यालयमा अनुपस्थित नहुने

(ग) कुनै भाषा,धर्म,तथा सम्प्रदाय विरोधि भावना शिक्षक तथा विद्यार्थीमा फैलाउन नहने

(घ) नेपाल सरकारको विद्यमान नीति र व्यवस्थाको प्रतिकुल हुने गरि कुनै पनि कार्य नगर्ने

(ङ) सम्बन्धित निकायको नियम र कानुन विपरितको कार्य नगर्ने

(च) कुनै पनि राजनितिक दलको गतिविधिमा संलग्न नहुने

(छ) इमान्दार, शिष्ट,नम्र तथा पारदर्शी व्यवहार अवलम्वन गर्ने

**२२. अनुगमन तथा प्रतिवेदन व्यवस्था :** (१) स्वयंसेवकले गरेको कार्यको नियमित अनुगमन सम्बन्धित प्रधानाध्यापकबाट हुनेछ।

(२) प्रधानाध्यापकले उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदन त्रैमासिक रुपमा सम्बन्धित शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउनु पर्नेछ।

(३) प्रधानाध्यापकबाट स्वयंसेवकले गरेका कार्यको नियमित अनुगमन भए नभएको विषयमा आवश्यकता अनुसार शिक्षा, युवा तथा खेलकुद शाखाले स्थलगत अनुगमन गर्न सक्नेछ।

**२३. बाझिएमा अमान्य हुने :** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।



अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

अनुसूची – १

| क्र. स. | विद्यालयहरुमा शिक्षक र स्वयंसेवक एकमुष्ट परिचालनका आधारहरु |
|---|---|
| १ | बालविकास कक्षा नभएका विद्यालयहरुमा कम्तिमा १ जना बालविकास स्वयंसेवक शिक्षक । |
| २ | कक्षा १ -३ सञ्चालन भएका विद्यालयहरुमा प्रति कक्षा ४५ जनाभन्दा कम विद्यार्थी भए प्राथमिक तहका २ जना शिक्षक । |
| ३ | कक्षा १ -३ सञ्चालनमा भएका विद्यालयहरुमा प्रतिकक्षा ४५ जना बढी विद्यार्थी भइ वर्ग कक्षा सञ्चालन भए प्रति वर्ग कक्षा थप १ जना शिक्षक । |
| ४ | कक्षा १ –५ सञ्चालन भएका विद्यालयहरुमा प्रतिकक्षा ३० जना भन्दा कम विद्यालय भए प्राथमिक तहका ३ जना शिक्षक । |
| ५ | कक्षा १ –५ सञ्चालन भएका विद्यालयहरुमा प्रतिकक्षा ३० जनाभन्दा बढी विद्यार्थी भएमा प्राथमिक तहका ४ जना शिक्षक । |
| ६ | कक्षा १ - ५ सञ्चालन भएका विद्यालयहरुमा प्रतिकक्षा ४५ जना बढी विद्यार्थी भइ वर्ग कक्षा सञ्चालन भएका विद्यालयहरुमा प्रति वर्ग कक्षा प्राथमिक तहको थप १ जना शिक्षक । |
| ७ | कक्षा १ -८ सञ्चालन भएका विद्यालयहरुमा कक्षा ६-८ मा प्रतिकक्षा ४५ जना भन्दा कम विद्यार्थी भएका विद्यालयहरुमा आधारभूत (निम्नमाध्यमिक) तहका ३ जना शिक्षक । |
| ८ | कक्षा १ -८ सञ्चालन भएका विद्यालयहरुमा प्रतिकक्षा ४५ जना भन्दा बढी विद्यार्थी भइ वर्ग कक्षा सञ्चालन भएका विद्यालयहरुमा प्रति वर्ग कक्षा (५० जना बराबर) १ जना आधारभूत (निम्नमाध्यमिक) तहका शिक्षक । |
| ९ | माध्यमिक तह सञ्चालन र माध्यमिक तहमा प्रतिकक्षा ४५ जनाभन्दा कम विद्यार्थी भएका प्रति कक्षा १ जनामा नघटने गरि माध्यमिक तहका शिक्षक । |
| १० | माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुमा प्रतिकक्षा ४५ जना भन्दा बढी विद्यार्थी भइ वर्ग कक्षा सञ्चालन भए प्रति वर्ग कक्षा (५० जना बराबर) थप १ जना माध्यमिक तहका शिक्षक । |
| ११ | माध्यमिक तहको कक्षा १० अनुमति प्राप्त गरेका विद्यालयहरुमा कम्प्युटर अपरेटर वा आधारभूत तहको कम्प्युटर विषय अध्यापन गर्ने १ जना स्वयंसेवक । |
| १२ | प्राविधिक विषय अध्यापन हुने माध्यमिक विद्यालयमा ल्याव सहायक आधारभूत तहको १ जना । |
| १३ | विद्यालय सुपरीवेक्षकको पदाधिकार रहेको विद्यालयमा शिक्षण सिकाइ सुचारु राख्न सम्बन्धित तहको स्वयंसेवक १ जना । |
| १४ | निम्नमाध्यमिक वा माध्यमिक तहमा मापदण्डअनुसार स्वयंसेवक शिक्षक प्राप्त गर्ने तर प्राथमिक तहको मौज्दाज शिक्षक सङ्ख्या कटौती हुने अवस्था भएमा प्राथमिक तहमा बढी हुन आउने मौज्दाज शिक्षक सङ्ख्याबाटै पूर्ति गर्ने । |
| १५ | यो मापदण्ड समायोजनपछि दार्मा गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा मात्र लागू हुनेछ । |



अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

# अनुसूची – २

## श्री .............. विद्यालय दार्मा गाउँपालिका ..... ............ सल्यान

### स्वयंसेवक शिक्षक पदको दरखास्त फाराम

१. वि. नं.:-  २. तह :-  ३. विषय:-  ४. पद :

५. व्यक्तिगत विववण सम्बन्धी -:

| | | | |
|---|---|---|---|
| उम्मेदवारको | नाम थर | (देवनागरीमा): | |
| | | ( Eng in Capital letter) : | |
| | ना.प्र.नं.: | जारी गरेको जिल्ला : | जारी मिति : |
| | स्थायी अध्यापन अनुमित पत्र नं: | | तह: |
| | लिङ्ग: | धर्म : वर्ण : | जाति : |
| | विशेष चिन्ह(हुलिया) : | | |
| | वैवाहिक स्थिति : | | मातृभाषा : |
| स्थायी ठेगाना | जिल्ला : | | गा.पा./ न.पा.: |
| | वडा नं.: | | टोल : |
| | मार्ग/ घर नं.: | | फोन नं.: |
| पत्राचार गर्ने ठेगाना : | | इमेल : | |
| बाबुको नाम थर : | | आमाको नाम थर : | |
| बाजेको नाम थर : | | पति/।पत्नीको नाम थर : | |
| जन्म मिति (साल, महिना,गते) | वि.सं.: | | ई.सं.: |
| | दरखास्त दिने अन्तिम मिति सम्मको उमेर वर्ष : | महिना : | दिन |

६) न्युनतम योग्यता सम्बन्धि विवरण(आवश्यक शैक्षिक योग्यता मात्र )

| क्र.स. | अध्ययन गरेक संस्थाको नाम | उत्तीर्णाङ्क | | | कुल पास अङ्क | प्रतिशत | मुख्य विषयहरु |
|---|---|---|---|---|---|---|---|
| | | परीक्षा | साल | श्रेणी | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |

७) दश महिना वा सो भन्दा माथिको तालिमको विवरण

| क्र.स. | तालिम दिने संस्थाको नाम | तालिमको नाम | विषय | परीक्षा उत्तिर्ण गरेको साल | श्रेणी | प्रतिशत | तालिमको अवधी | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | देखी | सम्म |
| १ | | | | | | | | |
| २ | | | | | | | | |

८. शिक्षक पदको करार परीक्षाको लागि परिक्षा दस्तुर वापतको रकम रु.........को बैङ्क भौचर न..........................दाखिला गरेको सक्कल भौचर र दरखास्त फारमका साथ संग्लग्न कागजातहरुको फोटोकपिमा सक्कल वमोजिम नक्कल ठिक छ भनी दस्तखत गरी थान.....यसै साथ पेस गरेको छु।

९. यस दरखास्तमा उल्लेख गरेका सम्पुर्ण विवरणहरु सत्य छन। उम्मेद्वारको लागि दिइएको निर्देशन मैले राम्ररी पढेको छु र म ती सबै शर्तहरु पालना गर्ने मञ्जुर गर्दछु। लेखिएको विवरण झुठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाँउला ।

| दायाँ | बायाँ |
|---|---|
| | |

उम्मेदवारको दस्तखत :

मिति :



अमृत खड्का
प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

## अनुसूची – ३
## स्वयंसेवक शिक्षक निर्वाह खर्च निर्धारणका आधारहरु

| क्र.स. | तह | निर्वाह खर्च कुल | शिक्षक भार ६०% | सिकाइ उपलब्धि २० % | नतिजा विश्लेषण २०% | हुन आउने रकम |
|---|---|---|---|---|---|---|
| १ | बालविकास | ६००० | ३६०० | १२०० | १२०० | |
| २ | प्राथमिक तह | १९५०० | ११७०० | ३९०० | ३९०० | |
| ३ | निम्न माध्यमिक | २०००० | १२००० | ४००० | ४००० | |
| ४ | माध्यमिक | २२००० | १३२०० | ४४०० | ४४०० | |

**पुनश्च :** विद्यालयको सिकाइ उपलब्धि र नतिजा विश्लेषण अघिल्लो शैक्षिक सत्रको आवधिक परीक्षाको मूल्याङ्कनबाट हुनेछ । कुनै विद्यालयको औसत सिकाइ उपलब्धि र नतिजा विश्लेषण प्राप्ताङ्क ४० भन्दा कम भएमा सिकाइ उपलब्धि र नतिजा विश्लेषण वापतको अनुदान रकम शून्य कायम हुनेछ ।

आज्ञाले,
अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत



